नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं. ३००, दायर मिति-:२०८०-०८-२४

फैसला मिति-२०८०-०८-२४

वादी

शत्रुधन प्रसाद सोनारको जाहेरीले नेपाल सरकार----------------------१

प्रतिवादी

जिल्ला पर्सा बी.म.न.पा.वडा नं.१ बस्ने बर्ष २० को जाजुल मियाँ अंसारी भन्ने महमद जाजुल शेष समेत ७ जना------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भइ यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीले मेरो घर परिवारका सदस्यहरु उपर लात,मुक्का,हात,हेल्मेट समेतले प्रहार गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने शत्रुधन प्रसाद सोनारको जाहेरी दरखास्त।

२. जाहेरवालाको घर परिवारका सदस्यहरु उपर लात,मुक्का,हात,हेल्मेट समेतले प्रहार गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

३. मेरो घर परिवारका सदस्यहरु उपर लात,मुक्का,हात,हेल्मेट समेतले प्रहार गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका ललिता देवी साह समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा मिति २०८०।८।८ गते जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१ स्थित प्रतिवादीहरु जाजुल मियाँ अंसारी भन्ने महमद जाजुल शेष, आलम अंसारी भन्ने मो.आमिर, बुलेट दास, सरोज कुमार तुराहा, भोला पासवान, सोनु कुमार साह र नरेश कुमार पासवान समेतले जाहेरवालाको बुबा, काकी, भाई र सालो समेतलाई अपशब्द प्रयोग गरी लात, मुक्का, हेलमेट समेतले कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का, तथा शत्रुधन प्रसाद सोनारको जाहेरी दरखास्त ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु जाजुल मियाँ अंसारी भन्ने महमद जाजुल शेष र आलम अंसारी भन्ने मो.आमिर लाई कैद १४ दिन र जरिवाना जनही रु ४,८००। - गर्ने र मुलुकी अपराध संहिता,२०७४ को दफा १२७ बमोजिम उपचार खर्चबापत जनही रु १०००।- गर्ने तथा अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम जनही रु २,००।- क्षतिपुर्ति शुल्क असुल गर्नु र अर्को फरार प्रतिवादीहरु बुलेट दास,सरोज कुमार तुरहा,भोला पासवान,सोनु कुमार साह,नरेश कुमार पासवानलाई जरिवाना जनही १०,०००।- गर्ने तथा अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम जनही रु ४,००।- क्षतिपुर्ति शुल्क असुल गर्नु । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी जाजुल मियाँ अंसारी भन्ने महमद जाजुल शेष , आलम अंसारी भन्ने मो.आमिर लाई जरिवानाको हकमा मिति २०८०-०८-१० गते देखि २०८०-०८-२३ सम्म थुनामा बसेको देखिँदा ठेकिएको कैद १४ दिन कट्टा भईसकेकोले मिति २०८०-०८-२४ गते र.नं. २६२,२६३ बाट दाखिला गरेको धरौटी रकम जनही रु ६,०००।- बाट जरिवाना रकम रु ४,८००।- कट्टा गर्न र पिडित राहत कोषमा जनही रु २००।- दाखिला गर्न लेखा शाखालाई पत्र लेख्नु र बाँकी रहेको जनही रु १०००।- बादीलाई मुलुकी अपराध पिडित संरक्षण ऐन २०७५ को दफा १२७ बमोजिम उपचार खर्च बापत बादीलाई भरी भराई दिनु र अर्को फरार प्रतिवादी बुलेट दास,सरोज कुमार तुरहा,भोला पासवान,सोनु कुमार साह र नरेश कुमार पासवानलाई जरिवाना जनही १०,०००।- गर्ने तथा पिडित राहत कोषमा जनही रु ४००।- दाखिला गर्न असुलउपर गर्न जिल्ला प्रहरी कार्यालयलाई पत्र लेख्नु ।-१

२.प्रस्तुत फैसलामा दुबै पक्षलाई चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्न सक्ने नै हुँदा सो सम्बन्धमा थप बोलिरहनु परेन। ------------------------------------------------------------------------------------------------------१

३. जिल्ला सरकारी वकिल कार्यालय ,पर्सालाई फैसलाको प्रतिलिपि साथै राखि फैसलाको जानकारी दिनु--------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल चैत महिना १९ गते रोज २ / ने.सं. ११४४ चिल्लागा ,२ सोमबार शुभम् ............